## पुतलीबजार नगरपालिका

## नगर कार्यपालिकाको बैठक

बैठक संख्या :- १०७

मिति :-२०८१/०३/२५

बैठक स्थान :- नगरपालिकाको सभाहल

**निर्णय नं.१** पुतलीबजार नगरपालिकाको प्रज्ञा प्रतिष्ठान ऐन, २०८१ को दफा ४ क बमोजिम प्रज्ञा प्रतिष्ठानको कुलपति पदमा पु.ब.न.पा. – १० निवासी विश्वप्रेम अधिकारीलाई मनोनयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २** मनसुनजन्य विपद् प्रभावित निजी आवास पुर्नस्थापना अनुदान कार्यविधि, २०७७ बमोजिम २०७७ जेठ ३० गते देखि पछिका मनसुनजन्य बाढी पहिरोका कारण निजि आवाश क्षति भई प्रवलीकरण, पुननिर्माण तथा पुनर्स्थापनाका लागि यस नगरपालिकाले यसपूर्व लाभग्राहीको विवरण कायम गरी जिल्ला विपद व्यवस्थापन समिति स्याङ्जामा पठाईएकोमा हाल नपुग कागजात पेश गर्न जारी गरेको सो समितिको मिति २०८१।२।२० को सूचना बमोजिम आवश्यक कागजात संलग्न गराई पेश हुन निम्न व्यक्तिहरुलाई नियमानुसार प्राप्त गर्न बाँकी किस्ता अनुदान उपलब्ध हुन जिल्ला विपद् व्यवस्थापन समिति स्याङ्जा र सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो । साथै अन्य प्रबलीकरण, पुनः निर्माण र पुनः स्थापनाका लाभग्राहीको हकमा तोकिए बमोजिमका कागजातहरु पेश हुन आए पश्चात निकाशाको प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

लाभग्राहीको विवरणः-

| वडा नं. | लाभग्राहीको नाम | लाभग्राहीको प्रकार | माग गरिएको किस्ता | कैफियत |
|---|---|---|---|---|
| ३ | डिल्लीराम उपाध्याय | पुनः निर्माण | दोस्रो | |
| ५ | भिम कुमारी जैसी रेग्मी | पुनः निर्माण | दोस्रो | |
| ५ | बेल कुमारी कार्की | पुनः निर्माण | दोस्रो | |
| १३ | आयुष घर्ति | पुनः निर्माण | दोस्रो | |
| १३ | सावित्री घर्ति | पुनः निर्माण | दोस्रो | |

**निर्णय नं. ३** मौसमजन्य प्रकोप तथा विपद् व्यवस्थापनका लागि द्रुतगतिमा देहाय बमोजिम कार्यहरु सम्पादन गर्ने निर्णय गरियो।

क. विपद् सहायता कक्षः यस नगरपालिकाको सहकारी शाखामा विपद् सहायता कक्ष स्थापना गरी सञ्चालन गर्ने।

ख. वडा स्तरीय विपद् वयवस्थापन समितिको प्रत्येक हप्ता बैठक बसी वडाको विपद् व्यवस्थापन सम्बन्धी नीति, कार्यनीति तय गरी वडा भित्रका टोल विकास संस्था, युवा क्लव, आमा समुह, स्वयंसेवक जस्ता सामाजिक संस्था तथा स्थानीय बासिन्दाको सहभागितामा Rapid Response Team (RRT गठन र परिचालन गरी विपद् पुर्वका प्रतिकार्य योजना र विपद् पश्चातका राहत तथा उद्दार कार्यहरु प्रभावकारी

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम
नगर प्रमुख

कार्यान्वयन गर्ने र सो को जानकारी एवं निर्दिष्ट फाराममा उल्लेखित विवरणहरु यस नगरपालिकाको विपद व्यवस्थापन शाखा, जिल्ला विपद् व्यवस्थापन समिति स्याङ्जा लगायतका निकायमा लेखि पठाउन निर्देशन दिने ।

ग. विपद् व्यवस्थापन कोषको परिचालन तथा पीडितलाई राहत उपलब्ध गराउने, विपद् व्यवस्थापनमा उपयोग हुने स्ट्रेचर, एम्बुलेन्स, वारुणयन्त्र, जे.सि.भी. जस्ता मेसिनरी औजारको मर्मत संभार गरी चालु हालतमा राख्ने, पीडितको खोज उद्धारमा प्रयोग हुने उद्धार सामाग्रीहरु खरीद गर्ने, खाद्यान्न, frist Aid kids, औषधी, लत्ताकपडा जस्ता बस्तु/सर सामाग्री, त्रिपाल एवं जिन्सी सामान मौज्दात रहने प्रबन्ध मिलाउने ।

घ. आपतकालीन उद्धार र सम्पत्ति सुरक्षण सम्बन्धी कार्य अर्न्तगत जोखिम संवेदनशिल स्थानका बासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, नगद रुपैया तथा सुनचाँदी जस्ता निजहरुको मुल्यवान सम्पत्ति बैंक लकरमा राख्ने व्यवस्था गर्ने गराउने र सामुदायिक बिद्यालयहरु तथा भवनलाई विपद् पीडित आश्रय स्थलको रुपमा व्यवस्थित गर्न सम्बन्धित बिद्यालयहरु र संस्थाहरुलाई अनुरोध गर्ने ।

ङ. जोखिमयुक्त बस्ती सुरक्षित स्थानमा स्थानान्तरण गर्न समुदाय तथा वडा स्तरबाट सिफारिस गरी पेश गर्न निर्देशन दिने ।

च. वडा अध्यक्षहरु, रेडक्रस, जिल्ला प्रशासन कार्यालय तथा प्रहरी प्रशासन सँग समन्वय बढाउने र भए गरेका गतिविधि तथा क्रियाकलापहरुको जानकारी गराउने ।

**निर्णय नं. ४** भू- उपयोग कार्यक्रम सञ्चालन, भू-उपयोग क्षेत्र, भूमिको वर्गीकरण, भू-उपयोग योजना तर्जुमाका सम्बन्धमा रणनैतिक कार्ययोजना सहित बाँकी कार्यहरु अघि बढाउने कार्यमा यस पूर्वको निर्णय बमोजिम A Class Consultant and Construction Pvt.Ltd., Pokhara, Kaski लाई प्रदान गरिएको कार्यावधि सम्झौताको म्याद यही ३१ आषाढ २०८१ मा समाप्त हुने तर पशामर्श दाताबाट पेश भएको प्रतिवेदनमा त्रुटी सच्याउनुपर्ने देखिएकोले पुनः १२ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख